# कृषि सामग्री कम्पनी लिमिटेड

## विक्रेता व्यवस्था कार्यविधि

## २०८२

## कृषि सामग्री कम्पनी लिमिटेड

प्रधान कार्यालय

कुलेश्वर, काठमाडौं

## कृषि सामग्री कम्पनी लिमिटेडको
## "विक्रेता व्यवस्था कार्यविधि, २०८२"

**प्रस्तावनाः**

नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट जारी भएको "अनुदानको मल वितरण व्यवस्थापन कार्यविधि, २०८२" बमोजिम कृषि सामग्री कम्पनी लिमिटेडबाट हुने अनुदानको रासायनिक मलको बिक्री वितरण एवम् कम्पनीबाट हुने अन्य कृषि सामग्रीहरुको बिक्री वितरण कार्यलाई व्यवस्थित एवम् पारदर्शी बनाउन कृषि सामग्री कम्पनी लिमिटेडको नियमावलीको नियम ३३ को उपनियम (८) ले दिएको अधिकार प्रयोग गरी सञ्चालक समितिले यो कार्यविधि बनाई लागू गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "विक्रेता व्यवस्था कार्यविधि, २०८२" रहेको छ।

(२) यस कार्यविधि सञ्चालक समितिले स्वीकृत गरेको मितिबाट लागू हुनेछ।

(३) यो कार्यविधि कम्पनीबाट बिक्री वितरण हुने अनुदानको रासायनिक मल र कृषि सामग्रीका सम्वन्धमा लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "कम्पनी" भन्नाले कृषि सामग्री कम्पनी लिमिटेड र अन्तर्गतका कार्यालय सम्झनु पर्छ,

(ख) "विक्रेता" भन्नाले कम्पनीबाट कृषि सामग्री वितरण गर्न दफा ९ बमोजिमको प्रमाणपत्र प्राप्त गरेको सहकारी संस्था, फर्म र कम्पनी सम्झनु पर्छ,

(ग) "सहकारी संस्था" भन्नाले सहकारी ऐन, २०७४ बमोजिम दर्ता भएका सहकारी सङ्घ/संस्था सम्झनु पर्छ,

(घ) "फर्म वा कम्पनी" भन्नाले कम्पनी ऐन, २०६३ वा प्राइभेट फर्म रजिस्ट्रेशन ऐन, २०१४ अन्तर्गत दर्ता भएका फर्म वा कम्पनी सम्झनु पर्छ,

(ङ) "स्थानीय समिति" भन्नाले" अनुदानको मल वितरण व्यवस्थापन कार्यविधि, २०८२" को दफा २७ बमोजिमको स्थानीय तह मल वितरण व्यवस्थापन समिति सम्झनु पर्छ,

(च) "जिल्ला समिति" भन्नाले "अनुदानको मल वितरण व्यवस्थापन कार्यविधि, २०८२" को दफा २५ बमोजिमको जिल्ला मल वितरण व्यवस्थापन समिति सम्झनु पर्छ,

(छ) "कृषि सामग्री" भन्नाले कम्पनीका कार्यालयहरूले कारोबार गर्ने अनुदानको रासायनिक मल बाहेकका सबै प्रकारका मल, बिउ विजन, कृषि चुन, कृषि औजार र अन्य कृषि सामग्री सम्झनु पर्छ,

(ज) "कार्यविधि" भन्नाले "अनुदानको मल वितरण व्यवस्थापन कार्यविधि, २०८२" सम्झनु पर्छ,

(झ) "मन्त्रालय" भन्नाले सङ्घीय सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ,

(ञ) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेश सरकारको कृषि तथा पशुपन्छी हेर्ने मन्त्रालय सम्झनु पर्छ।

**३. विक्रेता नियुक्त हुनको लागि आवेदन दिनुपर्नेः** कम्पनीको विक्रेता भई कृषि सामग्रीको बिक्री वितरण गर्न इच्छुक सहकारी संस्था, फर्म वा कम्पनीले देहाय बमोजिमका कागजातहरू संलग्न राखी कम्पनीको सम्बन्धित कार्यालयमा आवेदन दिन पर्नेछः-

(क) सहकारी संस्था, फर्म वा कम्पनी दर्ता प्रमाण पत्र,

(ख) अनुदानित रासायनिक मल बिक्री गर्नेको हकमा सम्बन्धित स्थानीय तहको सिफारिस पत्र र सो बाहेकका कृषि सामग्रीको हकमा सम्बन्धित स्थानीय तहको सिफारिस पत्र वा प्रदेश सरकार अन्तर्गतको कृषि विकास क्षेत्र सम्बद्ध जिल्लास्थित कृषि विकास कार्यालयको सिफारिस पत्र,

(ग) विगत दुई आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि,

(घ) स्थायी लेखा नम्बर (प्यान) दर्ताको प्रमाणपत्र,

(ङ) अनुभव र कार्य दक्षताको विवरण (कम्तीमा विगत दुई वर्ष देखि कृषि उत्पादन सामग्रीको बिक्री वितरणमा संलग्न रहेको),

(च) नापतौल गर्न न्यूनतम १०० के.जी. क्षमताको मेसिन, गोदाम घर, सूचना प्रविधि लगायतका अन्य भौतिक पूर्वाधार भएको विवरण,

(छ) पछिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाणपत्र,

(ज) कम्पनीलाई तिर्नुपर्ने बाँकी बक्यौता नभएको,

(झ) संस्थाको सञ्चालक समिति/बोर्डको निर्णय,

(ञ) कम्पनीले तोकेको धरौटी/दस्तुर जम्मा गरेको बैङ्क भौचर।

४. **विक्रेता नियुक्तिको प्रक्रियाः** विक्रेता नियुक्तिको प्रक्रिया देहाय बमोजिम हुनेछः-

(१) अनुदानित रासायनिक मल विक्रेताको हकमा सम्बन्धित स्थानीय तहमा सूचिकृत भई कृषि सामग्री बिक्रीको लागि सिफारिस पत्र प्राप्त गरेको हुनु पर्नेछ।

तर सम्बन्धित स्थानीय तहमा यस कार्यविधिको दफा ३ बमोजिमका सबै सर्तहरु पूरा गरेको सहकारी संस्था, फर्म वा कम्पनी नरहेको अवस्था भएमा स्थानीय आवश्यकता एवम् औचित्यको आधारमा त्यस्ता सहकारी संस्था, फर्म वा कम्पनीलाई उक्त स्थानीय तहले विक्रेता नियुक्तिका लागि सिफारिस गरेमा यस कार्यविधि बमोजिम विक्रेता नियुक्त गर्न बाधा पर्ने छैन।

(२) गैर अनुदानित रासायनिक मल, बिउ विजन तथा अन्य कृषि सामग्री विक्रेताको हकमा स्थानीय तह वा प्रदेश सरकार अन्तर्गतको जिल्लास्थित कृषि कार्यालयबाट विक्रेता नियुक्तिका लागि सिफारिस भई आएमा विक्रेता नियुक्त गर्न सकिनेछ।

(३) यो कार्यविधि लागू भएपछि स्थानीय तहले विक्रेता नियुक्ति सिफारिस गर्दा प्रत्येक वडामा हाल कार्यरत विक्रेता समेत गरी दुई भन्दा बढी विक्रेता हुने गरी सिफारिस गर्न पाइने छैन।

तर भौगोलिक अवस्थिति कृषक घर परिवारको सङ्ख्या, स्थानीय तहले समेट्नु पर्ने क्षेत्र एवम् पायक अपायक समेत विचार गरी स्थानीय तहले थप एक विक्रेता नियुक्तिका लागि सिफारिस गर्न सक्नेछ। यस कार्यविधि लागू हुनु भन्दा अगाडी दुई भन्दा बढी विक्रेता नियुक्ति भई कार्यरत रहेको अवस्थामा सोही अनुसार विक्रेता सङ्ख्या कायम रहने छ।

(४) कार्यविधिको दफा १३(३) बमोजिमको निवेदन दिने सहकारी संस्था, फर्म वा कम्पनीलाई कम्पनीले विक्रेता नियुक्त गरी विक्रेता कार्यविधिको अनुसूची -१ बमोजिमको ढाँचामा अनुदानित मल विक्रेता प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ।

तर अनुदानित मल बाहेकका कृषि सामग्रीको हकमा अनुसूची -२ बमोजिमको विक्रेता प्रमाणपत्र उपलब्ध गराउन सकिनेछ।

(५) उपदफा (४) बमोजिमको विक्रेता प्रमाण पत्र उपलब्ध गराएको जानकारी सम्बन्धित जिल्ला समिति र स्थानीय तहलाई गराउनु पर्नेछ।

(६) विक्रेता नियुक्त गर्दा कृषि सम्बन्धी सहकारी संस्थाहरूलाई पहिलो प्राथमिकता दिनु पर्नेछ।

तर कुनै स्थानीय तहमा कृषि सहकारी संस्था नरहेमा वा मलको कारोबार गर्न तयार नभएमा क्रमशः अन्य सहकारी संस्था, फर्म वा कम्पनीलाई प्राथमिकता दिई विक्रेता नियुक्त गर्न सकिने छ।

(७) सामान्यतयाः एक विक्रेतालाई एक भन्दा बढी स्थानीय तहको लागि विक्रेता नियुक्त गरिने छैन।

तर दुई वा दुई भन्दा बढी स्थानीय तहले एक आपसमा समन्वय गरी एउटै विक्रेतालाई नियुक्तिका लागि सिफारिस गर्न सक्ने छन्।

**५. धरौटी जम्मा गर्नुपर्नेः** विक्रेता नियुक्त हुनको लागि देहाय बमोजिमको रकम धरौटी बापत कम्पनीको तोकिएको खातामा जम्मा गर्नु पर्नेछः-

(१) झापा, मोरङ, सुनसरी, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, मकवानपुर, चितवन, सिन्धुली, काठमाडौं, काभ्रेपलान्चोक, नुवाकोट, धादिङ, नवलपरासी (ब.सु.पू.), नवलपरासी (ब.सु.प.), रूपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरको लागि रकम रू.७०,०००।- (सत्तरी हजार)।

(२) उपदफा (१) मा उल्लिखित जिल्ला बाहेक अन्य जिल्लाको हकमा रकम रू.३५,०००।- (पैतीस हजार)।

(३) दफा ३ बमोजिमको योग्यता पुगेका र अनुदानित रासायनिक मल बिक्री गर्न नियुक्त भएका विक्रेतालाई अन्य कृषि सामग्री बिक्री गर्न विक्रेता नियुक्त गर्न थप धरौटी राख्नुपर्ने छैन।

(४) यसपूर्व विक्रेता कायम भई सकेका सहकारी संस्था, फर्म वा कम्पनीको हकमा नपुग धरौटी रकम थप गर्नु पर्नेछ।

**६. धरौटी फिर्ता सम्बन्धी व्यवस्थाः** (१) देहायको अवस्थामा विक्रेताको धरौटी फिर्ता हुनेछ।

(क) विक्रेता हुन नचाहेमा,

(ख) विक्रेता कार्यविधिको दफा ८ बमोजिमको दायित्व, जिम्मेवारी तथा कर्तव्य पूरा नगरी कारबाही स्वरूप खारेज भएमा र

(ग) यस कार्यविधिको दफा ११ मा भएको व्यवस्था बमोजिम नवीकरण नभएमा।

(२) धरौटी फिर्ताको लागि सम्बन्धित संस्थाको निवेदन, सहकारीको हकमा सञ्चालक समितिको निर्णय, कम्पनीले जारी गरेको धरौटी बापतको नगदी रसिद, सक्कल प्रमाणपत्र र कारोबार गरेको अन्तिम वर्षको कर चुक्ताको प्रमाणपत्र पेस गर्नु पर्नेछ।

(३) दफा ६ को उपदफा (१) को खण्ड (ख) बमोजिमको अवस्थामा निजले राखेको धरौटी रकमबाट निजको दायित्व फर-फारक गरी बाँकी रकम मात्र फिर्ता दिनु पर्नेछ।

**७. विक्रेता सम्बन्धमा कम्पनीको अधिकारः** (१) विक्रेताको लागि प्राप्त आवेदन छानबिन गरी विक्रेताको प्रमाणपत्र प्रदान गर्ने,

(२) कम्पनीबाट बिक्री हुने अनुदानको मल बाहेक अन्य कृषि सामग्रीहरूको बिक्री परिमाणमा कम्पनीबाट दिइने विक्रेता छुट दर तोक्ने,

(३) विक्रेताको बिक्री कक्ष, भण्डारण, खातापाता एवम् कृषकहरूको विवरण सहित हर-हिसाबको अभिलेखहरू चुस्त दुरूस्त राख्न लगाउने,

(४) खातापाता निरीक्षण गर्दा कुनै पनि कैफियत देखिएमा सो निराकरण गर्न निर्देशन दिने,

(५) यस विक्रेता कार्यविधि अनुसार विक्रेता निलम्बन वा खारेज गर्ने र निलम्बित विक्रेतालाई निलम्बन अवधिभर विक्रेताले पाउने सुविधा उपलब्ध नगराउने,

(६) अनुसूची -३ बमोजिम विक्रेताले आफ्नो प्रतिबद्धता पूरा नगरेमा कारबाही गर्ने,

(७) विक्रेताको प्रमाणपत्रको म्याद समाप्त भएको एक आर्थिक वर्षभित्र नवीकरण नगरेका विक्रेताको विक्रेता प्रमाणपत्र खारेज गर्ने।

**८. विक्रेताको दायित्व, जिम्मेवारी तथा कर्तव्यः** कम्पनीबाट विक्रेता प्रमाणपत्र प्राप्त गरेका विक्रेताको दायित्व, जिम्मेवारी तथा कर्तव्य देहाय बमोजिम हुनेछः-

(१) विक्रेताले कार्यविधिको दफा १६ एवम् देहाय बमोजिमको प्रक्रिया पूरा गरी अनुदानको मल र अन्य कृषि सामग्री बिक्री वितरण गर्नु पर्नेछः-

(क) आफ्नो बिक्री कक्षमा विक्रेताको नाम, अनुमतिको पत्र, प्रमाणपत्र, कार्यक्षेत्रको विवरण र अनुदानमा दिइने मलको बिक्री मूल्य प्रस्टसँग देखिने गरी राख्नु पर्ने,

(ख) स्थानीय तहबाट प्राप्त कृषकको विवरण सहितको नामावलीसँग भिडाई कृषकलाई मल बिक्री गर्नुपर्ने,

(ग) कृषकले आफू बसोबास गर्ने स्थानीय तह र खेती गरिने जग्गा-जमिन भएको स्थानीय तह अलग परेको खण्डमा जमिन भएको स्थानीय तहमा सो को जानकारी गराई कृषकको नामावलीमा नाम समावेश गराई मल प्राप्त गर्न सक्ने छन्। जग्गा लिजमा वा भाडामा लिई वा अधियामा खेती गर्ने कृषकले स्थानीय तहमा सो को जानकारी गराई कृषकको नामावलीमा नाम समावेश गराई मल प्राप्त गर्न सक्ने,

(घ) अनुदानित रासायनिक मल तथा अन्य कृषि सामग्री बिक्री गर्दा खरिद कर्ता कृषकलाई यस विक्रेता कार्यविधिको अनुसूची -४ वा अनुसूची -५ बमोजिमको बिल उपलब्ध गराउनु पर्ने,

(ङ) अनुदानित रासायनिक मल तथा अन्य कृषि सामग्री खरिद बिक्री गरेपछि अनुसूची -६ वा अनुसूची -७ बमोजिमको ढाँचामा मलको खरिद/बिक्री खाता समेत दैनिक रूपमा अद्यावधिक

गर्नु पर्नेछ। त्यस्तो खाताको विवरण स्थानीय तहबाट मासिक रूपमा प्रमाणित गराई राख्नु पर्ने,

(च) आफूलाई तोकिएको कार्यक्षेत्र भित्रका सबै कृषकलाई बिना भेदभाव मल बिक्री गर्नुपर्ने।

(२) कार्यविधिको व्यवस्था अनुसार अनुदानको मलसँगै गैर अनुदानित रासायनिक मल एकै स्थानबाट बिक्री गर्न पाइने छैन।

(३) कृषि सामग्री बिक्री वितरण गर्न आवश्यक बिक्री कक्ष र गोदाम घर स्थानीय पालिकाले तोकेको कार्यक्षेत्र भित्र हुनु पर्नेछ।

(४) बिक्री वितरणको विवरण तोकिएको ढाँचामा नियमित रूपमा कम्प्युटर/सफ्टवेयरमा अद्यावधिक गर्नु पर्नेछ।

(५) विक्रेता कार्यविधिको दफा १२ को उपदफा (१) र (२) ले निर्धारण गरेको मूल्यमा अनुदानको मल बिक्री वितरण गर्नु पर्नेछ।

(६) कृषि सामग्री बिक्री गर्दा अनिवार्य रूपमा यस कार्यविधिले तोके बमोजिमको बिक्री बिल र बिक्रीको विवरण अद्यावधिक राख्नु पर्नेछ।

(७) कृषि सामाग्री खरिद गरी डेलिभरी लिँदा सोको गुणस्तर तथा तौल यकिन गरी कम्पनीको बिलमा बुझिलिएको दस्तखत गरेर मात्र डेलिभरी लिनु पर्नेछ।

(८) डेलिभरी लिई सकेको कृषि सामग्रीहरूको तौल तथा गुणस्तर कायम राखी कृषकहरूलाई बिक्री गर्ने दायित्व विक्रेताको हुनेछ। साथै यस सम्बन्धमा कुनै गुनासो वा उजुरी आएमा सो को जबाफदेहिता सम्बन्धित विक्रेताको हुनेछ।

(९) कार्यविधिको दफा ३० बमोजिम अधिकार प्राप्त निकाय वा अधिकारीले विक्रेताको भण्डारण कक्ष लगायत अन्य वस्तु अनुगमन गर्न सक्नेछ।

(१०) कृषि सामग्री खरिद गर्दा माग गरेको परिमाणमा मौज्दातको स्थिति हेरी कम्पनीले थपघट गर्न सक्नेछ।

(११) बिक्री वितरण गर्ने कृषि सामग्री खरिद गर्न विक्रेता कम्पनीमा स्वयम् उपस्थित हुनु पर्नेछ।

तर आफू स्वयम् उपस्थित हुन नसकेमा दस्तखत प्रमाणित गरी प्रतिनिधि पठाउन सक्नेछ।

(१२) कृषि सामग्री खरिद गर्न आउँदा पहिले खरिद गरेको कृषि सामग्रीको बिक्री विवरण अनुसूची -८ वा अनुसूची -९ बमोजिमको ढाँचामा (कृषकको नाम, ठेगाना, फोन नम्बर, परिमाण र मूल्य सहितको विवरण) स्थानीय तह अन्तर्गत कृषि शाखाको कर्मचारीको नाम, पद सहितको कर्मचारीबाट प्रमाणित गराई पेस गर्नु पर्नेछ।

(१३) प्रत्येक दिन आफूसँग भएको मौज्दात विवरण सफ्टवेयरमा दाखिला गरी सार्वजनिक गर्नु पर्नेछ।

(१४) कृषि सामग्री खरिद गर्न आउँदा खरिद गरिने कृषि सामग्रीको मूल्य बापतको रकम कम्पनीको सम्बन्धित बैङ्कमा जम्मा गरी सो को सक्कल बैङ्क भौचर पेस गरी बिल जारी गर्नु पर्नेछ। कम्पनी नगद लिन बाध्य हुने छैन।

(१५) यस कार्यविधि अनुसार कम्पनीले समय समयमा दिएका निर्देशनहरूको पालना गर्नु पर्नेछ।

(१६) आफूले खरिद गरेको कृषि सामग्री आफ्नो बिक्री कक्षबाट मात्र बिक्री गर्नु पर्नेछ।

(१७) यस कार्यविधिमा उल्लेख नभएका विषयहरू "अनुदान मल वितरण व्यवस्थापन कार्यविधि, २०८२" अनुसार गर्नु पर्नेछ।

९. **विक्रेता प्रमाणपत्र सम्बन्धी व्यवस्थाः** (१) यस कार्यविधि अनुसार विक्रेता हुन योगयता पुगेका सहकारी संस्था, फर्म वा कम्पनीलाई अनुसूची -३ बमोजिमको प्रतिबद्धता पत्रमा दस्तखत गराई शुल्क बापत रू.२,५००।- (दुई हजार पाँच सय) दस्तुर लिई विक्रेता प्रमाणपत्र जारी गरिनेछ।

(२) प्रमाणपत्रको प्रतिलिपि उपलब्ध गराउनु परेमा रू.१,०००।- (एक हजार) दस्तुर लिई कम्पनीले प्रतिलिपि प्रमाणपत्र उपलब्ध गराउनेछ।

१०. **प्रमाणपत्र खारेजी सम्बन्धी व्यवस्थाः** (१) कम्पनीबाट प्रदान गरिएको विक्रेता प्रमाणपत्र कार्यविधिको दफा १८ बमोजिम देहायका अवस्था रहेमा खारेज गर्न सकिनेछः-

(क) बिल विजक जारी नगरी मलको बिक्री वितरण गरेमा,

(ख) आफ्नो कार्यक्षेत्र भन्दा बाहिर मलको बिक्री वितरण गरेमा,

(ग) तोकिएको मूल्य भन्दा बढी रकममा मल बिक्री गरेमा,

(घ) लुकाई छिपाई वा पक्षपात पूर्ण तरिकाले मल बिक्री वितरण गरेमा,

(ङ) मल सम्बन्धी झुट्टा विवरण पेस गरेमा,

(च) कम्पनीको विक्रेता कार्यविधि बमोजिम आफ्नो जिम्मेवारी र दायित्व पूरा नगरेमा,

(छ) मलसँगै कृषकको माग विपरीत अन्य कृषि सामग्री खरिद गर्न दबाब दिएमा,

(ज) कृषि प्रयोजन बाहेक अन्य प्रयोजनको लागि मल बिक्री वितरण गरेमा,

(झ) विक्रेताले एक वर्षसम्म मलको बिक्री वितरण कारोबार नगरेमा,

(ञ) स्थानीय तहले तोकेको कार्यक्षेत्र भित्रका कृषकलाई सहकारी सदस्य वा गैर सदस्यको रूपमा भेदभाव गरी मल बिक्री गरेमा,

(ट) आफूले बिक्री वितरण गर्नुपर्ने मल अन्य संस्था, फर्म, निजी कम्पनीलाई बिक्री वितरण गरेमा वा अन्य संस्था, फर्म, निजी कम्पनी मार्फत बिक्री वितरण गराएमा।

(२) उपदफा (१) बमोजिम विक्रेता प्रमाणपत्र खारेज गर्नु भन्दा अघि कम्पनीले विक्रेतालाई मनासिब माफिकको समय दिई सफाइ पेस गर्ने मौका दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दिईएको समय भित्र विक्रेताले सफाई पेस नगरेमा वा पेस गरेको सफाइ सन्तोषजनक नदेखिएमा कम्पनीले आफूले दिएको प्रमाणपत्र खारेज गर्न सक्नेछ।

(४) समिति, मन्त्रालय, प्रदेश मन्त्रालय, कम्पनी, प्रदेश समिति, जिल्ला समिति र स्थानीय समितिले अनुगमन गर्दा उपदफा (१) बमोजिमको अवस्था भई विक्रेताको प्रमाणपत्र खारेज गर्नुपर्ने देखिएमा कम्पनी समक्ष विक्रेताको प्रमाणपत्र खारेजका लागि सिफारिस गर्न सक्नेछ र त्यसरी सिफारिस

भई आएमा कम्पनीले विक्रेता नियुक्ति सम्बन्धी कार्यविधि अनुसार विक्रेता प्रमाणपत्र खारेज गर्नु पर्नेछ।

(५) उपदफा (१) बाहेकको अवस्थामा विक्रेताले कारोबार सञ्चालन गर्न लिखित असमर्थता जनाई विक्रेता खारेज गर्न निवेदन दिएमा विक्रेताको प्रमाणपत्र खारेज गरिनेछ।

(६) कुनै पनि कारणले कम्पनीको विक्रेता नरहेमा निजसँग कम्पनीको कुनै रकम लिनुपर्ने भए सो रकम कट्टा गरी वा प्रचलित कानुन बमोजिम जफत वा रोक्का गरिएको अवस्थामा बाहेक विक्रेताको धरौटी फिर्ता दिइनेछ।

(७) कम्पनीले उपदफा (१), (३), (४) र (५) बमोजिम विक्रेता प्रमाणपत्र खारेज भएका सहकारी संस्था, फर्म वा कम्पनीको विवरण स्थानीय तहलाई उपलब्ध गराउनु पर्नेछ।

**११. विक्रेता नवीकरण सम्बन्धी व्यवस्थाः** (१) विक्रेता नवीकरणको लागि देहाय बमोजिमका कागजात पेस गर्नु पर्नेछ।

(क) दुई आर्थिक वर्षको कम्पनीसँग गरेको कारोबारको वास्तविक विवरणसँग भिडान हुने गरी तयार भएको लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि,

(ख) कम्पनीले तोके बमोजिमको नवीकरण शुल्क बुझाएको सक्कल बैङ्क भौचर,

(ग) स्थानीय तहबाट कृषि सामग्री बिक्री वितरण गर्न प्राप्त इजाजत पत्रको प्रतिलिपि,

(घ) बिउ विजनको हकमा स्थानीय तह वा प्रदेश सरकार अन्तर्गतको जिल्लास्थित कृषि कार्यालयबाट प्राप्त इजाजत पत्र र नवीकरणको लागि सिफारिस पत्र,

(ङ) पछिल्लो कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(च) कार्यविधिको दफा १३ को उपदफा (१५) अनुसार स्थानीय तहले विक्रेता नियुक्तिको प्रमाणपत्र नवीकरणको लागि सिफारिस गर्दा सो सिफारिस पत्रमा सम्बन्धित विक्रेताको कार्य सम्पादन सन्तोषजनक भएको सुनिश्चितता एवम् विक्रेताबाट आगामी दिनमा कार्यसम्पादन सुधारको प्रतिबद्धता समेत व्यक्त भएको ब्यहोरा जनिने पत्र।

(२) विक्रेता नवीकरण दस्तुरः- विक्रेता नवीकरणको लागि देहाय बमोजिमको दस्तुर बुझाउनु पर्नेछः-

(क) प्रत्येक दोस्रो आश्विन मसान्तभित्रमा विक्रेता प्रमाणपत्र नवीकरण गर्दा रू.२,५००।- (दुई हजार पाँच सय),

(ख) खण्ड (क) अनुसारको नवीकरण हुन नसकेमा कार्तिक देखि पौष मसान्तसम्कको लागि विलम्ब शुल्क रू.५००।- सहित रू.३,०००।- (तीन हजार),

(ग) खण्ड (क) अनुसारको नवीकरण हुन नसकेमा नियमानुसारको प्रक्रिया पूरा गरी विलम्ब शुल्क बापत रू.२,५००।- (दुई हजार पाँच सय) थप गरी सोही आर्थिक वर्षको आषाढ मसान्तसम्म रू.५,०००।- (पाँच हजार)।

(३) यस दफा बमोजिम नवीकरण नभएमा विक्रेता स्वतः खारेज भएको मानिनेछ।

**१२. बिक्री मूल्य सम्बन्धी व्यवस्थाः** (१) कार्यविधिको दफा ११ को उपदफा (३) र (४) तथा दफा १७ को उपदफा (२) र (३) मा भएको व्यवस्था अनुसार स्थानीय समितिले मलको बिक्री मूल्य निर्धारण गर्दा विक्रेताले मल बुझि लगेको कम्पनीको सम्बन्धित बिक्री कार्यालयको बिक्री मूल्यमा सम्बन्धित स्थानीय तह भित्रका विक्रेताहरूको बिक्री केन्द्रसम्म ढुवानी गर्दा लाग्ने जिल्ला दररेट अनुसारको ढुवानी भाडा जोडी कायम हुने मूल्यमा सञ्चालन एवम् व्यवस्थापन खर्च बापत पाउने बढीमा प्रति के.जी. रू.१।- (एक रूपैयाँ) थप गरी बिक्री मूल्य कायम गर्नु पर्नेछ।

(२) स्थानीय तहले स्थानीय समितिले निर्धारण गरेको बिक्री मूल्य स्थानीय तहको कार्यालय र विक्रेता केन्द्रमा समेत सबैले देख्ने गरी टाँस गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(३) विक्रेताले बिक्री केन्द्रमा सबैले देख्ने गरी नाम उल्लेख भएको बोर्ड राख्नु पर्नेछ। मल बिक्री केन्द्रको नाम र ठेगाना सहितको विवरण विक्रेताले सम्बन्धित स्थानीय तहमा समेत पेस गर्नु पर्नेछ।

(४) विक्रेताले मलको बिक्री वितरण सम्बन्धी बिक्री केन्द्रको समेत एकमुष्ट विवरण सम्बन्धित कम्पनी, जिल्ला समिति र स्थानीय तहमा उपलब्ध गराउनु पर्नेछ।

(५) अनुदानको रासायनिक मलमा कम्पनीबाट कुनै पनि छुट उपलब्ध गराइने छैन।

(६) गैर अनुदानित रासायनिक मल, बिउ विजन तथा अन्य कृषि सामग्रीको हकमा मूल्य तथा छुट दर समय समयमा कम्पनीले निर्धारण गरे अनुसार हुनेछ।

**१३. बिक्री भएको कृषि सामग्री फिर्ता नहुनेः** कम्पनीबाट बिक्री भएको कृषि सामग्री फिर्ता हुने छैन।

**१४. विविधः** (१) यस विक्रेता कार्यविधिमा लेखिए बाहेकका अन्य व्यवस्था "अनुदानको मल वितरण व्यवस्थापन कार्यविधि, २०८२" र कम्पनीको प्रधान कार्यालयले निर्णय गरे बमोजिम हुनेछ।

(२) एक पटक खारेजीमा परेको विक्रेतालाई दुई वर्ष सम्म पुनः विक्रेता नियुक्त गरी प्रमाणपत्र प्रदान गरिने छैन।

(३) कृषि सामग्री बिक्री वितरणमा प्रभावकारीता ल्याउन र कृषि सामग्री सम्बन्धी साधारण जानकारी गराउन कम्पनीले समय समयमा विक्रेतालाई स-शुल्क वा निःशुल्क तालिम उपलब्ध गराउन सक्नेछ। त्यस प्रकारको तालिममा विक्रेताहरूले अनिवार्य रूपमा भाग लिनु पर्नेछ।

(४) गैर अनुदानित रासायनिक मल, बिउ विजन र अन्य कृषि सामग्रीको बिक्रीको हकमा कृषक/कृषक समूह/सरकारी फर्मलाई समेत निजी प्रयोजनका लागि निवेदन लिई कम्पनीले बिक्री वितरण गर्न सक्नेछ।

**१५. खारेजी र बचाउः** (१) "विक्रेता व्यवस्था कार्यविधि, २०७७" खारेज गरिएको छ।

(२) "विक्रेता व्यवस्था कार्यविधि, २०७७" बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची - १

(दफा ४ को उपदफा (४) सँग सम्बन्धित)

(अनुदानको रासायनिक मल विक्रेता प्रमाणपत्रको नमूना)

(कृषि सामग्री कम्पनी लिमिटेडको छाप)

कृषि सामग्री कम्पनी लिमिटेड

............ कार्यालय, ................

प्रमाण पत्र नं.
स्थायी लेखा नं.
मितिः ......................

### अनुदानको रासायनिक मल विक्रेता प्रमाणपत्र

...................... जिल्ला ............................ गा.पा./न.पा./उ.म.न.पा./म.न.पा वडा नं. ....... मा रहेको श्री ............................................ लाई यस कम्पनीबाट बिक्री वितरण हुने अनुदानित मल निम्न क्षेत्रमा कारोबार गर्न "अनुदानको मल वितरण व्यवस्थापन कार्यविधि, २०८२" तथा यस कृषि सामग्री कम्पनी लिमिटेडको "विक्रेता व्यवस्था कार्यविधि, २०८२" बमोजिम विक्रेता प्रमाणपत्र प्रदान गरिएको छ।

**विक्रेताले कारोबार गर्ने क्षेत्रः**

१. ..........................
२. ..........................

प्रमाणपत्र जारी गर्नेको दस्तखतः ...............

प्रमाणपत्र जारी गर्नेको नामः ....................

## अनुसूची - २

(दफा ४ को उपदफा (४) सँग सम्बन्धित)

(गैर अनुदानित मल, बिउ तथा अन्य कृषि सामग्री विक्रेता प्रमाणपत्रको नमूना)

(कृषि सामग्री कम्पनी लिमिटेडको छाप)

कृषि सामग्री कम्पनी लिमिटेड

............ कार्यालय, ................

प्रमाण पत्र नं.

स्थायी लेखा नं.

मितिः ......................

### गैर अनुदानित मल, बिउ तथा अन्य कृषि सामग्री विक्रेता प्रमाणपत्र

..................... जिल्ला ..................... गा.पा./न.पा./उ.म.न.पा./म.न.पा. वडा नं. ........... मा रहेको श्री ......................................... लाई यस कम्पनीबाट बिक्री वितरण हुने गैर अनुदानित मल, बिउ विजन तथा अन्य कृषि सामग्रीहरू निम्न क्षेत्रमा कारोबार गर्न कृषि सामग्री कम्पनी लिमिटेडको "विक्रेता व्यवस्था कार्यविधि, २०८२" बमोजिम विक्रेता प्रमाण पत्र प्रदान गरिएको छ।

विक्रेताले कारोबार गर्ने क्षेत्रः

१. ..........................

२. ..........................

प्रमाणपत्र जारी गर्नेको दस्तखतः ...............

प्रमाणपत्र जारी गर्नेको नामः ....................

## अनुसूची - ३

(दफा ७ को उपदफा (६) सँग सम्बन्धित)

### विक्रेताको प्रतिबद्धता

कम्पनीबाट वितरण हुने अनुदानित मल तथा अन्य कृषि सामग्रीका सम्वन्धमा प्रचलित कानुनमा उल्लेख भए बमोजिमका प्रावधानहरूका अतिरिक्त देहाय बमोजिम शर्तहरू .................. सहकारी संस्था, फर्म वा कम्पनीको तर्फबाट पालना गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/गर्दछौं।

**प्रतिबद्धता गरिएका शर्तहरू**

१. आफ्नो बिक्री कक्षमा प्रष्टसँग आधिकारिक संस्थाको नाम उल्लेख गरी बिक्री वितरण गर्नेछु/छौं ।

२. सहकारी संस्था, फर्म वा कम्पनीले आफ्नै बिक्री कक्षबाट अनुदान प्राप्त मल/बिउ बिक्रीको लागि व्यवस्था गर्नेछु/छौं ।

३. बिक्री कक्षको अतिरिक्त रासायनिक मल भण्डारणको लागि चुहावट नहुने गरी छुट्टै भण्डारण कोठाको व्यवस्था गर्नेछु/छौं ।

४. स्थानीय समितिले तोकिदिएको क्षेत्र भित्र मात्र अनुदान प्राप्त मलको बेचविखन गर्नेछु/छौं ।

५. अनुदान प्राप्त मल गैर कृषि प्रयोजनमा प्रयोग गर्न बिक्री गर्ने छैन।

६. मल बिक्री गर्दा कृषकहरूबाट अनिवार्य रूपमा नेपाली नागरिकताको प्रतिलिपि, सम्पर्क नम्बर र खेती सम्बन्धी विवरण लिनेछु। साथै मल खरिद गर्ने कृषकहरूको सम्पर्क नम्बर ठेगाना सहितको मलको परिमाण/रकम सहितको विवरण समाबेश भएको प्रतिवेदन मासिक रूपमा मल बिक्री गर्ने सम्बन्धित कम्पनी र स्थानीय तहलाई पेस गर्नेछु/छौं ।

७. मल बिक्री गरे पश्चात सहकारी संस्था, फर्म वा कम्पनीको नाममा छापिएको तोकिएको ढाँचाको बिल विजक अनिवार्य रूपमा कृषकहरूलाई तत्कालै उपलब्ध गराई बिक्री र स्टकको प्रत्येक लट अनुसारको लगत राख्ने गर्नेछु/छौं । कृषकको हस्ताक्षर गराई बिल बिजक जारी गरी मल बेचबिखन गर्नेछु/छौं ।

८. मल बिक्री गर्दा सम्बन्धित निकायले (स्थानीय समितिले) निर्धारण गरे बमोजिमको मूल्यमा नबढ्ने गरी कृषकहरूलाई बिक्री गर्नेछु। कुनै पनि स्थितिमा तोकिएको बिक्री मूल्य भन्दा बढी मूल्य कृषकहरूबाट लिने छैन।

९. बिक्री मूल्य सबैले देख्ने गरी बिक्री कक्षमा टाँस गर्नेछु। बिक्री मूल्य र बिक्री गरेको परिमाण समेत खुलाई सम्बन्धित पालिकाको कृषि शाखाको आधिकारिक कर्मचारीबाट प्रमाणित गराई वितरक कम्पनीको कार्यालयलाई अनिवार्य रूपमा उपलब्ध गराउनेछु/छौं ।

१०. सरकारी प्रयोजनको लागि मल, बिउ लगायतका कृषि सामग्रीको माग सङ्कलनमा सहयोग गर्नेछु/छौं ।

११. मल वेचविखन कारोबार सम्बन्धी विवरण अनिवार्यरूपमा सहकारी संस्था, फर्म वा कम्पनीको वार्षिक लेखापरीक्षण प्रतिवेदन समावेश गर्नेछु/छौं ।

१२. यो विक्रेता कार्यविधि बाहेक रासायनिक मल (नियन्त्रण) आदेश, २०५५ र अनुदानको मल वितरण व्यवस्थापन कार्यविधि, २०८२ बमोजिमका अन्य प्रावधानहरू समेत पालना गर्नेछु/छौं ।

१३. यस प्रतिबद्धता बमोजिमका शर्तहरू पालना नगरेमा तत्कालै मेरो सहकारी संस्था, फर्म वा कम्पनीको विक्रेता खारेजी भई नियमानुसारको सजाय हुने कुरामा जानकार छु/छौं।

**प्रतिबद्धता गर्ने सहकारी संस्था, फर्म वा कम्पनीको तर्फबाटः**

विक्रेताको नामः

संस्थाको नामः संस्थाको छाप

नाम थरः

पदः

हस्ताक्षरः

मितिः

अनुसूची -४

(दफा ८ को उपदफा (१) को खण्ड (घ) सँग सम्बन्धित)

विक्रेताले कृषकलाई अनुदानित रासायनिक मल बिक्री गर्दा जारी गर्ने बिलको ढाँचा

(विक्रेताको नाम, ठेगाना र छाप)

दर्ता नं. ...........

स्थायी लेखा नं. ................

बिल नं. ..............

क्रेताको नाम, ठेगाना र सम्पर्क नं. ........................ मितिः ...................

| सि.नं. | मलको विवरण | बिक्री दर | परिमाण | जम्मा मूल्य रू. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अक्षेरुपी :......................................................

कृषकको सही

विक्रेताको सही

## अनुसूची - ५

(दफा ८ को उपदफा (१) को खण्ड (घ) सँग सम्बन्धित)

विक्रेताले कृषकलाई गैर अनुदानित मल, बिउ तथा अन्य कृषि सामग्री बिक्री गर्दा जारी गर्ने बिलको ढाँचा

(विक्रेताको नाम, ठेगाना र छाप)

दर्ता नं. .................

स्थायी लेखा नं. ................

बिल नं. ..........

क्रेताको नाम, ठेगाना र सम्पर्क नं. ............................. मितिः ................

| सि.नं | गैर अनुदानित मल, बिउ तथा अन्य कृषि सामग्रीको विवरण | बिक्री दर | परिमाण | जम्मा मूल्य रू. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अक्षेरुपी :......................................................

कृषकको सही　　　　　　　　　　　　　　　　　　　　विक्रेताको सही

## अनुसूची - ६

(दफा ८ को उपदफा (१) को खण्ड (ङ) सँग सम्बन्धित)

अनुदानित रासायनिक मलको खरिद/बिक्री खाता

(विक्रेताको नाम, ठेगाना, छाप)

दर्ता नं. ...........

स्थायी लेखा नं. ................

| मिति | युरिया परिमाण | | | डि.ए.पी. परिमाण | | | पोटास परिमाण | | | विक्रेताको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | खरिद | बिक्री | जम्मा बाँकी | खरिद | बिक्री | जम्मा बाँकी | खरिद | बिक्री | जम्मा बाँकी | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

पेस गर्ने विक्रेताको हस्ताक्षरः .......................

प्रमाणित गर्ने स्थानीय तहको अधिकारीकोः-

नाम थरः

पदः

हस्ताक्षर र छाप

अनुसूची - ७

(दफा ८ को उपदफा (१) को खण्ड (ङ) सँग सम्बन्धित)

(विक्रेताको नाम, ठेगाना, छाप)

दर्ता नं. ..........

स्थायी लेखा नं. ................

गैर अनुदानित मल, बिउ तथा अन्य कृषि सामग्री खरिद/बिक्री खाता

| मिति | | | | | | | | | | विक्रेताको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | खरिद | बिक्री | जम्मा बाँकी | खरिद | बिक्री | जम्मा बाँकी | खरिद | बिक्री | जम्मा बाँकी | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

बिउ विजनको बिक्री विवरण खाताः

| मिति | धान परिमाण | | | गहुँ परिमाण | | | अन्य .......... परिमाण | | | विक्रेताको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | खरिद | बिक्री | जम्मा बाँकी | खरिद | बिक्री | जम्मा बाँकी | खरिद | बिक्री | जम्मा बाँकी | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

पेस गर्ने विक्रेताको हस्ताक्षरः .......................

प्रमाणित गर्ने कर्मचारीको

नाम थरः

पदः

हस्ताक्षर र छाप

अनुसूची - ८

(दफा ८ को उपदफा (१३) सँग सम्बन्धित)

विक्रेताले सम्बन्धित स्थानीय तहबाट प्रमाणित गराई पेस गर्नुपर्ने मल बिक्री वितरण विवरणको ढाँचा

(विक्रेताको नाम, ठेगाना, छाप)

दर्ता नं. ..........

स्थायी लेखा नं. ................

अनुदानित रासायनिक मलको बिक्री वितरण विवरण (हरेक कृषकको)

| सि नं. | कृषकको नाम | परिचय पत्र नं. | ठेगाना | सम्पर्क फोन | क्षेत्रफल रोपनी/कठ्ठा | मलको प्रकार | परिमाण | बिक्री मूल्य रू. | बिल नं. | बिक्री मिति | खरिद गर्ने कृषकको सहिछाप |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

पेस गर्ने विक्रेताको हस्ताक्षरः .......................

प्रमाणित गर्ने कर्मचारीको

नाम थरः

पदः

हस्ताक्षर र छापः...........................

<u>अनुसूची - ९</u>

(दफा ८ को उपदफा (१३) सँग सम्बन्धित)

विक्रेताले सम्बन्धित स्थानीय तहबाट प्रमाणित गराई पेस गर्नुपर्ने मल बिक्री वितरण विवरणको ढाँचा

(विक्रेताको नाम, ठेगाना, छाप)

दर्ता नं. ..........

स्थायी लेखा नं. ................

गैर अनुदानित मल, बिउ तथा अन्य कृषि सामग्रीको विवरण (हरेक कृषकको)

| सि नं. | कृषकको नाम | परिचय पत्र नं. | ठेगाना | सम्पर्क फोन | क्षेत्रफल रोपनी/कठ्ठा | मलको प्रकार | परिमाण | बिक्री मूल्य रू. | बिल नं. | बिक्री मिति | खरिद गर्ने कृषकको सहिछाप |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

पेस गर्ने विक्रेताको हस्ताक्षरः .......................

प्रमाणित गर्ने कर्मचारीको

नाम थरः

पदः

हस्ताक्षर र छाप